(ग) संस्थागत साधारण सदस्यताको लागि बार्षिक रु. ५०००।०० (पाँच हजार) र आजीवन सदयताकोलागि रु. ३५,०००।०० (पैंतीस हजार)।

(घ) विद्यार्थी सदस्यताको लागि बार्षिक रु. ५००।०० (पाँच सय)।

(ङ) मानार्थ सदस्यताको लागि सदस्यता शुल्क लिईने छैन ।

(च) सदस्यता तथा नविकरण शुल्कमा साधारण सभाले परिवर्तन गर्न सक्नेछ । सो को जानकारी स्थानिय अधिकारी समक्ष दिईनेछ ।

(२) **सदस्यता प्रदान गर्ने विधि :-**

(क) यस विधान र यस विधान अन्तर्गत बनेको नियमावली तथा विनियमावलीको अधिनमा रही निर्वाचित कार्यसमितिले सदस्यताको योग्यता पुगेकालाई संस्थाको सदस्यता प्रदान गर्न सक्नेछ । कार्य समितिको निर्णय बिना कुनै पनि व्यक्ति तथा संघ-संस्थाले यस संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

(ख) यस संस्थाको सदस्य प्राप्तिको लागि सम्बन्धित व्यक्ति तथा संघ-संस्थाले तोकिएको ढाँचामा सदस्यताको आवेदन दिनु पर्नेछ ।

(ग) कार्यसमितिले संस्थाको सदस्यता प्रदान गर्दा कुन प्रकारको सदस्यता प्रदान गरको हो, आफ्नो निर्णयमा खुलाई लगत राख्नेछ ।

(घ) संस्थाका प्रवन्ध समितिका पदाधिकारीहरु संस्थापक सदस्य मानिनेछन् । निजहरुले आजीवन शुल्क बुझाएमा आजीवन सदस्यता प्राप्त गर्ने छन् ।

(ङ) संस्थाको हित चिन्तक विश्वमा रहेका कुनै पनि व्यक्तिलाई पूर्ण योग्य ठहराएमा कार्यसमितिले मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । जसको मतदान दिने अधिकार हुने छैन ।

(च) संस्थाको उद्देश्यसँग मेल खाने कुनै संघ संस्थामा कार्य गर्दै आएका संघ संस्था वा व्यक्तिलाई प्रतिनिधि सदस्यता प्रदान गरिने छ ।

(छ) संस्थाको सदस्य बन्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था तथा गैर नेपाली नागरिकले प्रचलित कानून बमोजिम श्री ५ को सरकार तथा सम्बन्धित निकायबाट पूर्व स्वीकृत प्राप्त गरेको हुनु पर्नेछ ।

(ज) संस्थाले सदस्यताका सम्बन्धमा कुनै नियमावली, विनियामाली, निर्देशीका तथा नियम लागु गरी सदस्यता सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(झ) संस्थाको कार्यसमितिले उपयुक्त सम्झेका व्यक्ति तथा संघ संस्थालाई आफ्नो सदस्य प्रदान गर्दा प्रचलित ऐन कानूनको परिधिभित्र रहि प्रदान गरीने छ ।

(ञ) सबै सदस्यले विधान तथा तोकिए तथा तोकिए बमोजिमको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

(ट) ~~सदस्यता प्रदान गर्दा कुन साल वा कति वर्षका लागि सदस्यता प्रदान गरिएको हो, सदस्यता रसिदमा खुलाई सदस्यताको लगतमा समेत खुलाईने छ~~।

(ठ) संस्थाका आजीवन, नविकरण गरेका साधारण सदस्य बाहेक अन्य सदस्यले मतदानमा भाग लिन र संस्थाको चुनावमा उम्मेदवार हुन पाउने छैनन् ।